# १२ पावलः उनको लक्ष्य र सन्देश

***यस अध्यायका मूल पदहरू:*** **१ कोरन्थी १:२२-२४, १ तिमोथी ६:१२, २ तिमोथी ४:७, १ कोरन्थी १५:१२-२२, प्रेरित १५:३८-४१।**

***स्मरण गर्नुपर्ने मूल पदहरू:*** **12 मैले यी सबै अघिबाटै प्राप्त गरिसकेको छु, अथवा म अघिबाटै सिद्ध भइसकेको छु भनेर त होइन, तर ती कुराहरूलाई पक्रनको निम्ति म अघि बढ़िरहेको छु जुन कुराको निम्ति ख्रीष्टले मलाई पक्रनुभयो! 13 भाइ हो, मैले यी सब पक्रिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा काम गर्दछु, कि पछाडिका कुराहरू बिर्सेर र अगाडिका कुराहरूतिर जोड़सँग लम्कँदै 14 ख्रीष्ट येशूमा परमेश्‍वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोड़सँग अगि बढ्दछु (स्वर्गको त्यो पुरस्कार येशू ख्रीष्ट आफै हुनुहुन्छ)।" फिलिप्पीहरूलाई 3:12-14।**

**इसाई दर्शनमा मुक्तिको इतिहासको अवधारणाको बिकास गर्ने पावल नै थिए।** पुरानो करारका भविष्यवाणीहरू, यहूदि इतिहास र येशूको जीवनी तथा शिक्षामा आधारित गरेर नै मुक्तिको इतिहास कस्तो छ भनेर पावलले छर्लङ्ग पारेका छन्। त्यस इतिहासको केन्द्रविन्दु येशू ख्रीष्टको जीवन, मृत्यु र पुनरुत्थान नै थियो। यहूदि र ग्रीक तथा रोमी समाजमा हुर्केको पावलको पृष्ठभूमिमा दुवै समाजका संस्कृतिको बारेमा राम्रैसँग ज्ञान थियो। कठोर हिब्रु अर्थात् यहूदि समाज तथा धर्मको नागरिक, रीतिथिति वा परम्परा र नैतिक आचारणबाट निस्केर सुसमाचारलाई कसरी उचाल्ने भन्ने भित्री आत्मज्ञान पावलमा प्रसस्त थियो। विभिन्न संस्कार र संस्कृति अर्थात् बहुसंस्कृति संसारमा धर्मसँग सम्झौता नगरि सुसमाचारलाई कसरी राम्रो र उचित तवरले मिलाउने भन्ने दक्षता पावलमा थियो।

विश्‍वासीहरूको जीवनमा परमेश्‍वरप्रतिको आस्था तथा विश्‍वासलाई जगाइ राख्न १३वटा पत्रहरू पावलले लेखेका थिए। ती पत्रहरूमा बाइबलका शिक्षादीक्षा र दैनिक जीवनमा विश्‍वासीहरूले अपनाउनु पर्ने विभिन्न उपयोगी आचारसंहिताहरू उल्लेख गरिएका

छन्। चर्चसँग सम्बधित जीवन, व्यक्तिगत विश्वासको जीवन र अरूहरूसँगको सम्बन्धमा अपनाउनुपर्ने नीतिहरूलाई प्रस्तुत गर्दै पावलले विश्वासीहरूलाई सरसल्लाह, प्रोत्साहन र चेतावनी दिएका थिए। तर उनका पत्रहरूमा बुनेको मूल विषयवस्तु नै येशू ख्रीष्ट र उहाँ क्रुसमा मर्नुभएको थियो (१ कोरन्थी २:२)।

पावल केवल प्रवचन दिने वा पत्रहरू लेख्ने मानिस मात्र थिएन। तर उनी असाधारण प्रेरित र अत्यन्त उत्कृष्ट सुसमाचार प्रचारक वा मिसिनेरी भएको प्रमाणित गरेका थिए। उनले सिरियादेखि इटालीसम्म र हुनसक्छ स्पेनसम्म नै सुसमाचारको बारेमा गवाही दिएका थिए। दश वर्षभित्रमा पावलले रोमी साम्राज्यको चार क्षेत्रहरूमा विभिन्न चर्चहरूको स्थापना गरेका थिए।

पावल कुन् लक्ष्यले परिचालित भएका थिए र उनको के सन्देश थियो भनेर यस अध्यायमा हामीले नियाल्नेछौँ।

## १. ग्रीक वा अन्य जाति र यहूदिहरु (१ कोरन्थी १:२२-२४) ९९

**विभिन्न मानिसहरूले आफूले बुझेको अनुसार सत्यलाई व्याख्या गरेका हुन्छन्। विभिन्न मानिसहरूलाई हामीहरूले सुसमाचारको बारेमा सुनाउनुपर्दा हामीले कस्तो नीति अपनाउनुपर्छ भनेर १ कोरन्थी १:२२–२४ले बुझाउन खोजेको छ? हेर्नुहोस्: "22 यहूदीहरू चिन्ह माग्छन् र ग्रीकहरू बुद्धिको खोजमा छन्। 23 तर हामीचाहिँ क्रूसमा टाँगिनुभएका ख्रीष्टलाई प्रचार गर्दछौं, जो यहूदीहरूका निम्ति बाधा र अन्यजातिहरूका निम्ति मूर्खता हो।"**

इस्राएलीहरूलाई परमेश्वरको कस्तो हेरचाह गर्नुभएको थियो भनेर प्रस्थानको पुस्तकले बताउँछ। तिनीहरू मिश्रदेश अर्थात् इजिप्तमा दासत्वको जीवन बिताइरहेको बेलामा विभिन्न अलौकिक र अचम्मको क्रियाकलापद्वारा तिनीहरूको निम्ति हस्तक्षेप गर्नुभएको थियो। पछिका पुस्ताका यहूदिहरूले पनि परमेश्वरबाट केही नयाँ सन्देश पाउनु छ भने विभिन्न चिन्ह, अचम्म र आश्चर्य कर्मद्वारा पाउनुपर्छ भन्ने पछिका यहूदि पुस्ताहरूको दावी थिए।

तर अन्य जाति वा पाश्चात्य ग्रीक अर्थात् युनानी जातिहरू फरक थिए। जुनकुराको पनि कारण हुनुपर्छ भन्ने तिनीहरूले विश्वास

वा तर्क गर्दथे। दिमाग वा मानविय ज्ञानलाई चित्त बुझाएमात्र सबै कुराको संतुष्ठी हुन्छ भन्ने तिनीहरूको माग थियो।

आफू कुन् मानिसहरूलाई लक्षित गरि चलिरहेको छ र तिनीहरूको संस्कार, संस्कृति र आत्मिक इतिहास वा सभ्यतालाई मध्य नजरमा राखेर चल्न पावलले बिर्सेका थिएनन्। बरू पावलले तिनीहरूको आत्मिक र संस्कृतिलाई नै माध्यम बनाएर क्रुसमा मर्नुभएको ख्रीष्टको बारेमा प्रचार गर्न ढोका खोलेका थिए। जो मानिसहरू अलौकिक वा आश्चर्य चिन्हहरूको चाहना गर्छन् तिनीहरूले येशूको जीवन, सेवा र सुरूका चर्चमा पाउँछन् भनेर पावलले भनेका थिए। तर कसैले जेको पनि कारण हुनुपर्छ भनेर तर्क गर्छन् भने त्यो पनि सुसमाचारको सन्देशमा पाउँछन् भनेर पावलले जिकिर गर्दछन्। तर दुवै थरीका मानिसहरूको आवश्यकता एउटै छ। त्यो हो: पुनरुत्थान हुनुभएको येशू र त्यस पुनरुत्थानमा पाउने शक्ति (फिलिप्पी ३:१०)। येशूको बारेमा त्यो सन्देश सुनाउने तरिका भने कुन खालका मानिसहरूलाई सम्बोधन गरिएको छ त्यसै अनुसार अपनाउने पावलको नीति थियो।

जब पावलले यहूदि श्रोताहरूलाई सम्बोधन गरेका थिए त्यसबेला उनले यहूदि इतिहासमा आधारित गरेर प्रचार गरेका थिए। ख्रीष्टलाई दाउदसँग मिसाएर उनले पुरानो करारका भविष्यवाणीहरूलाई प्रयोग गरे जसमा ख्रीष्ट, उहाँको क्रुसमा मृत्यु र पुनरुत्थानलाई औंल्याइएको थियो (प्रेरित १३:१६-४१)। श्रोतावर्गहरूले थाहा पाएका कुराहरूलाई नै जानेर, तिनीहरूले आदर गरेका र विश्वास गरेका कुराहरूबाट सुरू गरेर नै पावलले मानिसहरूलाई ख्रीष्टतर्फ ध्यान लगाउन खोज्दथे।

पुरानो करारका ज्ञान नभएका अन्य जाति वा गैर-यहूदिहरूलाई सिकाउनुपर्दा सबैले मानेका सनातन सृष्टिकर्ता परमेश्वर सबैको सम्भारकर्ता र न्यायकर्ता हुनुहुन्छ भन्ने विषयलाई उनले समाबेश गर्दथे। संसारमा पाप कसरी आए र त्यसको समाधान गर्न येशू ख्रीष्टले चाल्नुभएको मुक्तिको कदमको बारेमा उनले व्याख्या गर्दथे (प्रेरित १४:१५-१७, १७:२२-३१)। विदेशी वा यहूदि धर्मको बारेमा जान्ने अन्य जातिहरूलाई येशूको बारेमा प्रचार गर्न सुरू गर्दा

यहूदिहरूलाई भन्दा फरक तरिका अपनाएर सुरू गर्दथे। तर प्रचार गर्न जुन् शैली अपनाएतापनि उनको मूल लक्ष्य थियो, सबैलाई येशूतिर खिँच्ने।

**तपाईँको आफ्नो आस्थाको बारेमा सोच्नुहोस्। तपाईँको आस्था केमा आधारित छ? कुन् कारणले तपाईँले येशूलाई विश्वास गर्नु भयो? येशूलाई विश्वास गर्ने कारण अरूहरूको भन्दा तपाईँको के फरक छ? ती भिन्नतालाई तपाईँले पहिचान गर्नु किन आवश्यकता छ?**

## २. युध्द मैदानमा उत्रीरहेका सैनिक र रङ्गशालामा खेलिरहेका खेलाडीहरू (१ कोरन्थी ९:२४-२७)

बोल्ने अर्थात् भाषण गर्ने कलामा अत्यन्त निपुण भएको व्यक्ति पावलले जब बोल्दथे मानिसहरूले देखेका सुनेका कुराहरूलाई औँल्याएर तिनीहरूबाट सिक्नुपर्ने आत्मज्ञानका पाठहरू व्याख्या गर्दथे। ग्रीक वा रोमी संसारमा भएका दैनिक जीवनमा देखिने वस्तु तथा जीवनशैलीका उदाहरणहरूलाई नै औँल्याएर ख्रीष्टमा नयाँ जीवन जिउनु भनेको के हो भनेर पावलले व्याख्या गर्दथे। पावलले लेखेका प्रवचन पत्रहरूमा आफ्ना नयाँ विश्वासीहरूलाई ख्रीष्टिय जीवन जिउनु भनेको के रहेछ भनेर दुई क्षेत्रहरूबाट उदाहरण लिएर बुझाउन खोजेको पाइन्छ। तिनीहरू हुन् (१) खेल मैदानमा खेल्ने खेलाडीहरू र (२) युद्धको निम्ति तयार भइरहने रोमी सिपाहीँ।

आजको संसारमा जस्तै पावलको समयमा पनि खेलाडीका सफलताहरूको मुक्तकंठले प्रशंसा गर्दथे। नयाँ करारको समयमा रहेका ग्रीक वा युनानीहरू दौड खेलमा हुने प्रतिस्पर्धाहरू अत्यन्त मन पराउँथे। केही शताब्धीहरूको बीचमा तिनीहरूले ग्रीकको विभिन्न भागहरूमा कमसेकम चार पल्ट औलोम्पिक खालका प्रतिस्पर्धामूलक खेलहरूको आयोजना गरेका थिए। रोमी सभ्यताले पनि ग्रीकका प्रतियोगात्मक खेलहरूको अनुसरण गरेका थिए। विभिन्न खेलहरूमा दगुर्ने खेल पनि अत्यन्त प्रख्यात थियो। जब पुरुषहरू डगुर्थे शैनिक पोशाक लगाएर डगुर्ने चलन पनि प्रचलित थियो। कुस्ती खेल्ने पनि लोकप्रिय थियो। प्रतियोगितामा जित्न खेलाडीहरू अत्यन्त कडा

तालिम लिनुपर्थ्यो। खेलमा जित्नेहरूलाई भारी सम्मान तथा पुरस्कारहरू दिइन्थे। ती खेलामा भाग लिनेहरूमा कुन सामाजिक वर्ग वा कुन् देशको भन्ने पर्वाह थिएन। तर खेलमैदानमा खेलाडीले खेल कसरी खेले भन्नेमा मानिसहरूको ध्यान केन्द्रित थियो।

**खेलाडीको जीवनलाई औँल्याएर पावलले इसाई जीवनको व्याख्या गरेकोलाई तपाईँ के भन्नुहुन्छ? हेर्नुहोस्: १ कोरन्थी ९:२४-२७ ×के तिमीहरूलाई थाहा छैन, दौड़मा दगुर्नेहरू सबै दगुर्छन्, तर इनामचाहिँ एउटैले मात्र पाउँछ? तिमीहरू इनाम प्राप्त गर्ने किसिमले दौड। 25 खेलमा भाग लिने खेलाडी सबै थोकमा आत्मसंयमी हुनुपर्छ। तिनीहरू नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्दछन्, तर हामीचाहिँ अविनाशी मुकुट पाउनलाई यसो गर्दछौं। 26 यसकारण लक्ष्य नराखी म दगुर्दिनँ। हावामा मुक्का हान्नेले जस्तै म मुक्का हान्दिनँ। 27 तर म आफ्नो शरीरलाई कठोरतासाथ सधाउँछु, र यसलाई वशमा राख्दछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु।" , गलाती ५:७ ×तिमीहरू राम्रै दौडिरहेका थियौ। कसले तिमीहरूलाई सत्यता पालन गर्नमा बाधा दियो?", १ तिमोथी ६:१२ ×12 विश्वासको उत्तम लड़ाइँ लड़। अनन्त जीवन पक्रिराख। यसैमा तिमीलाई बोलावट भएको थियो, जब तिमीले धेरै साक्षीहरूका उपस्थितिमा तिम्रो विश्वासको असल साक्षी दिएका थियौ।" र २ तिमोथी २:५ ×प्रतियोगितामा नियमबमोजिम भाग नलिएसम्म कुनै खेलाडीले पनि इनाम पाउन सक्दैन।"**

रोमका सम्राट् मारियसदेखि बाँकि रोमी रोमी बादशाहहरूले अस्थाई सिपाहीँहरूलाई स्थाई बनाउँथे ताकि तिनीहरू युद्धको निम्ति हरदम तयार भएर बसुन्। तिनीहरू रोमी साम्राज्यमा जतातते तैनाथ गरिन्थ्यो। तिनीहरूका हथियार र युद्धमा लड्नको निम्ति लगाउने पोशाक जहिले पनि नयाँ नयाँ हुन्थे। पावलको समयसम्म पुग्दा रोमको सरकारले विभिन्न देशका मानिसहरूलाई पनि सेनामा भर्ती गर्दथे। तिनीहरूमा रोमी नागरिक नै हुनुपर्छ भन्ने थिएन। जब लडाईँको काम सकिन्थ्यो वा आफ्नो सैनिक सेवाको अवधि सकिन्थ्यो तब ती सैनिकहरूले बाँकी जिवन त्यसबेला शासन गरेका बादशाहप्रति बफादार भएर उनको सेवा गर्न शपथ खानुपर्थ्यो। त्यो नै तिनीहरूको

निम्ति ठूलो इनाम थियो किनकि तिनीहरूले गर्ने युद्धमा त्यो बादशाहले व्यक्तिगत रूपमा नेतृत्व गर्दथे।

**सही इसाई जीवन र सैनिकको जीवनलाई पावलले कसरी तुलना गर्छन्, हेर्नुहोस्: २ कोरन्थी १०:४,५ "किनकि हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरू नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ। 5 परमेश्वरका ज्ञानको विरुद्धमा खड़ा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं।", एफिसी ६:१०-१८ ×अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। 11 दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। 12 किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो। 13 यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। 14 यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, 15 र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। 16 साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। 17 मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो। 18 सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो।", १ तिमोथी ६:१२ "विश्वासको उत्तम लड़ाइँ लड़। अनन्त जीवन पक्रिराख। यसैमा तिमीलाई बोलावट भएको थियो, जब तिमीले धेरै साक्षीहरूका उपस्थितिमा तिम्रो विश्वासको असल साक्षी दिएका थियौ।" र २ तिमोथी २:३-७ "3 ख्रीष्ट येशूका असल सिपाहीझैं दु:ख-भोगमा हामीसँग सहभागी होऊ। 4 सेनामा भर्ना भएको सिपाही अरू धन्धामा अल्झँदैन, किनकि उसलाई भर्ना गर्नेलाई सन्तुष्ट पार्नु नै उसको लक्ष्य हुन्छ। 5 प्रतियोगितामा**

**नियमबमोजिम भाग नलिएसम्म कुनै खेलाडीले पनि इनाम पाउन सक्दैन। 6 परिश्रम गर्ने किसानले नै बालीको पहिलो हिस्सा पाउनुपर्दछ। 7 म के भन्दछु त्यो विचार गर, किनभने प्रत्येक कुरामा प्रभुले तिमीलाई समझ दिनुहुनेछ।"**

येशूको निम्ति सुसमाचार सुनाउने लक्ष्य बोकेका पावलले शायद आफ्नो अन्तिम पत्रमा आफू दुवै सैनिक र खेलाडी जस्तो भएर जीवन गुजारेको खुलासा गर्दछन्। पक्का इसाई दुबै युद्धको निम्ति तयार रहने अनुशासित सिपाहीँ र इनाम पाउन कसरत गरिरहने खेलाडी जस्तो हो भनेर पावलले ध्यानाकर्षण गर्दछन्। उनले यो व्यक्त गर्दछन्: ×मैले असल लडाईँ लडेको छु। मेरो दौडको खेल समाप्त गरेको छु। मैले आस्था अर्थात् विश्वासलाई राखी छोडेको छु।" (२ तिमोथी ४:७ रूपान्तरित)।

**येशूप्रति आस्थावान भएर बस्नु भनेको कस्तो लडाईँ लडेर जिउनु हो? वा दोडमा भाग लिनु जस्तो हो? तपाईँको आफ्नै जीवनमा के तपाईँ ती शब्दचित्र वा तुलनालाई अनुभव गर्नुभएको छ? वर्तमान तपाईँको इसाई जीवनमा तपाईँ सिपाहीँ भएर जिउनुभएको छ कि खेलाडी भएर जिउनु भएको छ? किन र कसरी?**

## ३. पावल र परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू (रोमी ३:३१)

**×के मैले येशूलाई विश्वास गरेको छु भन्दैमा परमेश्वरको व्यवस्था निकम्मा हुन्छ र? अहँ कदापी होइन! बरू व्यवस्थासँग सहमत भएर चल्दछौँ" (रोमी ३:३१ रूपान्तरित)।**

पावलले व्यवस्था भन्ने शब्दको अनुवाद अङ्ग्रेजीमा एक सय तिस पल्ट देखा परेको छ। प्रेरितको पुस्तकमा मात्रै बीस पल्ट देखिएको छ। आफ्ना पाठकवर्ग र श्रोतावर्गहरू जुनसुकै संस्कार वा संस्कृतिको पृष्ठभूमिबाट आएतापनि व्यवस्था भन्ने शब्दको विभिन्न अर्थहरू छन् भनेर बुझ्नुपर्छ भनेर पावलले देखाउन कोशिश गरेक देखिन्छ। ×व्यवस्था" शब्द प्रयोग गरेर विशेष यहूदीलाई सम्बोधन गर्न खोजेको पाइन्छ। दश आज्ञाहरू पनि व्यवस्था नै हुन् जुन् कि सबै मानिसहरूलाई सबै युगमा लागु हुन्छ। तर पुरानो करारका अरू परम्परा, व्यवस्थाहरू, बलिप्रथा वा रीतिथितिहरू जुन् केवल यहूदीमा

संस्कारमा मात्र चलेका थिए ती इसाईहरूलाई लागु हुँदैन भनेर पावलले जिकिर गर्न खोजिरहेको पाइन्छ।

व्यवस्था भन्ने शब्द धार्मीक रीतिथिति, स्वास्थका नियमहरू, नागरिक शास्त्र र शुद्ध गर्ने विधिहरूलाई तोकेर पावलले प्रयोग गरेको देखाउँछ। व्यवस्थाको मुनी रहनु (रोमी ३:१९) र व्यवस्थाबाट स्वतन्त्र हुनु (रोमी ७:६) भनेर पावलले लेख्दछन्। उनले पापको व्यवस्था पनि भनेका छन् (रोमी ७:२५) तर फेरि व्यवस्था पवित्र छ पनि भनेका छन् (रोमी ७:१२)। मोशाको व्यवस्था (१ कोरन्थी ९:९) भनेका छन् भने परमेश्वरको व्यवस्था पनि भनेका छन् (रोमी ७:२५)। यहूदी जाति वा संस्कारभन्दा बाहिर रहेका मानिसहरूलाई व्यवस्था भनेर प्रयोग गरेका शब्दहरू पढ्दा अलमलमा पर्न सक्छ। तर हिब्रू वा यहूदी संस्कारबाट आएका यहूदी इसाईहरूको निम्ति कुन सन्दर्भमा व्यवस्था भन्ने शब्द प्रयोग गरिएको हो त्यसलाई तिनीहरूले राम्रोसँग पढ्छन् भने त्यसको अर्थ तिनीहरूलाई स्पष्ट हुन्छ।

**कतिपय इसाईहरू नै यहूदि परम्पराले अपनाएका धार्मिक, सामजिक, स्वास्थ वा नागरिक व्यवस्था र दश आज्ञाहरूको बीचमा अलमल भएको पाइन्छ। देहायका पदहरूले दश आज्ञाहरू जुन् मानिसमा हुनुपर्ने परमेश्वरको आदर्श चरित्र वा नैतिक व्यवस्थाहरू हुन् ती क्रुसले गर्दा मान्नुपर्दैन वा ती निकम्मा भइसकेको छ भन्ने धारणासँग मिल्दैन भनेर कसरी स्पष्ट पार्दछ? हेर्नुहोस्: रोमी १३:८-१० "8 आपसमा प्रेम गर्नुबाहेक कसैको केही कुरामा ऋणी नहोओ। किनकि आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ। 9 "तैंले व्यभिचार नगर्, तैंले हत्या नगर्, तैंले चोरी नगर्, तैंले लोभ नगर्," यी आज्ञाहरूबाहेक, र अरू जति आज्ञा छन्, ती सबैको सारांश यसै आज्ञामा पाइन्छ, अर्थात् "तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्।" 10 प्रेमले छिमेकीको खराबी गर्दैन। यसकारण प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो।", रोमी २:२१-२४ "यसरी जब तिमी अरूहरूलाई सिकाउँछौ, त के आफूलाई चाहिँ सिकाउँदैनौ? जब तिमी चोरीको विरुद्धमा प्रचार गर्छौ, के तिमी आफैचाहिँ चोरी गर्छौ? 22 तिमी, जसले व्यभिचार नगर भनी भन्छौ, के तिमी आफै व्यभिचार गर्छौ? तिमी, जो मूर्तिहरू घिनाउँछौ, के तिमी आफै मन्दिरहरू**

**लुट्छौ? 23 तिमी, जो व्यवस्थामा घमण्ड गर्दछौ, के व्यवस्था उल्लङ्घन गरेर परमेश्वरको अनादर गर्छौ? 24 किनभने, लेखिएको छ, "अन्यजातिहरूका बीचमा परमेश्वरको नाउँ तिमीहरूद्वारा नै निन्दित भएको छ।", १ कोरन्थी ७:१९ ×खतना केही होइन, बेखतना पनि केही होइन, तर परमेश्वरको आज्ञापालन मुख्य कुरा हो।", एफिसी ४:२५-२८ ×यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अङ्गहरू हौं। 26 क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, 27 र दियाबलसलाई मौका नदेओ। 28 चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्।", एफिसी ५:३ ×3 तर तिमीहरूका बीचमा व्यभिचार र सारा अशुद्धता अथवा लोभको नाउँसमेत नलिइओस्, जो सन्तहरूका बीचमा हुन सुहाउँदैन।" र एफिसी ६:१-३ ×छोरा-छोरी हो, प्रभुमा आफ्ना आमा-बुबाको आज्ञापालन गर, किनकि यो उचित हो। 2 आफ्ना बुबा र आमाको मान गर। (जो प्रतिज्ञासहितको पहिलो आज्ञा हो), 3 कि तिमीहरूलाई भलो होस्, र पृथ्वीमा तिमीहरू दीर्घायु होओ।"**

धार्मिक रीतिथितिका व्यवस्थाहरूलाई पालन गरेर परमेश्वरको नजिक आउने प्रावधानचाहीँ खारेज भएको छ। तिनीहरू हुन्: मन्दिरका पुजारीहरूको भूमिका, पवित्र मन्दिरमा भएका विभिन्न रीतिथितिहरू र बलिप्रथाहरू। येशूको मृत्यपछि ती व्यवस्थाहरू खारेज भए भनेर पावलले महसुस गरेका थिए किनकि तिनीहरूले यस संसारमा येशू आउनुको लक्ष्यलाई औँल्याउँथ्यो। केही निश्चित अवधीको निम्ति ती व्यवस्थाहरू उद्देष्य पूरा गर्न चलनचल्तीमा आएका थिए अब तिनीहरूको आवश्यकता भएन र तिनीहरूको औचित्य समाप्त भएको थियो। (जब यरुशलेममा भएको मन्दिरको ध्वस्त भयो र अहिलेसम्म पुननिर्माण नभएकोले त्यस धारणालाई पुष्टि गर्दछ)।

तर पापको परिभाषा दिने र मानिसलाई परमेश्वरको आदर्श चरित्रमा ढाल्ने व्यवस्था  दश आज्ञाहरूचाहीँ फरक व्यवस्थामा पर्दछ।

पावलले दश आज्ञाहरूमा भएका कतिपय नीतिहरूलाई साधारण र ठोस किसिमले उद्दध गरेर तिनीहरूको गरिमामय कायम भइरहेको छ भनेर पावलले बताउँछन्। दश आज्ञाहरू विश्वव्यापी छन् र सबैले त्यस कानुनलाई पालन गर्न वाध्य छन् चाहे ती यहूदि हुन् वा गैर-यहूदि वा अन्य जाति हुन् भनेर पावलले खुलासा गरेका छन्। मानिसहरूले कस्ता कस्ता विभिन्न पापहरू गरेका छन् भनेर पापहरूलाई औँल्याउने पावलले पापको परिभाषा दिने दश आज्ञाहरूलाई क्रुसमा हटाइयो र अब ती आज्ञाहरू पालन गर्नुपर्दैन भनेर सिकाउँछन् भन्ने कतिपय संम्प्रदायका इसाईहरूको जीकिर सरासर हास्यास्पद देखिन्छ। कतिपय सडकहरूमा गतिसिमितका साइनबोर्डहरू उभ्याएका हुन्छन्। त्यो सिमित नागेर कोही रफ्तारमा गाडी गुडाउँछन् भने त्यसको चालक कार्वाहीमा पर्छ। तर यदि चालकले आफूखुशी रफ्तारमा गाडी चलाउँछन् वा ट्राफिक नियमको उल्लङ्घन गरेर चलाउँछन् र उसलाई पक्रिन्दा ट्राफिक पुलिसले ती त्यस साइनबोर्ड र ट्राफिक नियमहरूलाई पालन गर्नु आवश्यक छैन भनेर बताएको जस्तै हुन्छ यदि येशूलाई चाहीँ विश्वास गर्ने तर दश आज्ञाचाहीँ खारेज भयो भनेर कोहीले सिकाउँछन्।

## ४. येशूको क्रुस र पुनरुत्थान (१ कोरन्थी २:२)

**×जब म तिमीहरूसँग हुन्छु तब एउटै कुरालाई जिकिर गर्न मैले निधो गरेको छु। त्यो एउटा कुरो हो: येशू ख्रीष्ट र क्रुसमा उहाँको मृत्यु।" (१ कोरन्थी २:२ रूपान्तरित)।**

नि:सन्देह, पावलको निम्ति ख्रीष्टको क्रुस नै त्यस्तो अत्यन्त महत्त्वपूर्ण विषय थियो जसको निम्ति उनी जिएका थिए। त्यसैलाई सिकाउने उनले आफ्नो बाँकि जीवन अर्पण गरेका थिए। तर पावलले शुन्यमा वा हावादारीमा क्रुसको बारेमा सिकाएनन्। काठको क्रुसलाई मात्र ठिङ्गो उभ्याएर उनले सिकाएनन् तर बाइबलका अरू दर्शनहरूलाई समावेश गरेर त्यसलाई सिकाएका थिए। त्यस मध्ये शायद अत्यन्त महत्त्वपूर्ण दर्शन वा विद्या भनेको येशूको पुनरुत्थान थियो किनकि पुनरुत्थान बिना क्रुसको कुनै अर्थ छैन।

१ कोरन्थी १५:१२-२२ पढ्नुहोस् र देहायका चिन्तनहरूलाई ख्याल गर्नुहोस्: सुसमाचारमा येशूको मृत्यु र पुनरुत्थान समावेश हुनु कतिको महत्त्वपूर्ण छ? यस संसारमा हुने भौतिक मृत्यु केवल निन्द्रामात्र हो भनेर सही रूपमा सिकाउन ती पदहरू हाम्रो निम्ति किन अर्थमूलक हुनसक्छ? कतिपय इसाई सम्प्रदाय वा बाइबलका बढे बढे विद्वान वा धर्मगुरूहरूले मानिस मरेपछि अहिले नै स्वर्ग जान्छ भनेर ढुक्क भएर सिकाउँछन्। यदि ख्रीष्टमा मरेकाहरू अहिले नै स्वर्गमा छन् भने पावलको अनुसार उहाँको दोस्रो आगमनको औचित्य के छ? (नेपाली संस्कारमा कोही मऱ्यो भने सराद्दे गर्छन्, यदि कोही मरेपछि स्वर्गमा जान्छन् वा स्वर्गिय भनेर सम्बोधन गर्छन् भने त्यसको निम्ति सराद्दे गर्नुको औचित्य के छ? के उसलाई स्वर्गबाट निकाल्ने?-अनुवादकको जिज्ञासा)।

पढ्नुहोस् १ कोरन्थी १५:१२-२२ "मरेकाहरूबाट ख्रीष्ट पुनरुत्थान हुनुभयो भनी प्रचार गरिन्छ भने कसरी तिमीहरूमध्ये कसै-कसैले मृतकको पुनरुत्थान हुँदैन भनी भन्न सक्छौ? 13 तर यदि मृतकहरूको पुनरुत्थान हुँदैन भनेता ख्रीष्ट पनि मृतकबाट पुनर्जीवित पारिनुभएको होइन। 14 यदि ख्रीष्ट मृतकबाट पुनर्जीवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ, र तिमीहरूको विश्वास पनि व्यर्थ हुन्छ। 15 त्यसभन्दा बढ़ी हामी परमेश्वरको बारे झूटा साक्षीहरू ठहरिन्छौं, किनकि उहाँले ख्रीष्टलाई मृतकबाट पुनर्जीवित पार्नुभयो भनी हामीले परमेश्वरको बारे गवाही दिएका छौं। तर साँच्चै मृतकहरूको पुनरुत्थान हुँदैन भने उहाँले ख्रीष्टलाई पुनर्जीवित पार्नुभएन। 16 किनकि यदि मृतकहरूको पुनरुत्थान नहुने भए ता ख्रीष्ट पनि मृतकबाट जीवित पारिनुभएन। 17 ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ। 18 तब त ख्रीष्टमा सुतिगएकाहरू पनि नष्ट भएका छन्। 19 यदि यस जीवनको लागि मात्र ख्रीष्टमा हामीले आशा राखेका हौं भने हामी सबै मानिसहरूभन्दा बढ़ी दयनीय हुन्छौं। 20 वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ। 21 किनकि जसरी मानिसबाट मृत्यु आयो, त्यसरी नै मृतकहरूको पुनरुत्थान पनि

**मानिसबाट नै आयो। 22 किनकि जसरी आदममा सबै मर्दछन्, त्यसै गरी ख्रीष्टमा सबै जीवित पारिनेछन्।" र साथै थप पदहरू ×50 अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु, मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन, न त विनाश अविनाशको हकदार हुन सक्छ। 51 हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, 52 एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। 53 किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। 54 जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ।" 55 "ए मृत्यु, तेरो विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ?" 56 मृत्युको खील पाप हो, र पापको शक्ति व्यवस्था हो। 57 तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ।" 1 कोरन्थी 15:50-57।**

दुर्भाग्यवस, कतिपय इसाई परम्परा र गैर-इसाई अर्थात् अरू धर्मका मानिसहरूले मानिस मरेपछि स्वर्ग जान्छ वा आत्मा अमर छ भनेर सिकाउँछन्। त्यस विश्वासप्रति असहमत हुँदै पावलले देहायका तर्कहरू औँल्याउँछन्:

अ. परमेश्वरमात्र अमर हुनुहुन्छ (१ तिमोथी ६:१६)।

**आ.** अनन्त जीवन कसैले स्व:त पाउँदैन तर त्यो परमेश्वरको बरदान हो। त्यो मुक्ति पाउनेहरूलाई दिइने इनाम हो (१ थेस्सोलोनिकी ४:१६)।

**इ.** ख्रीष्ट नआउञ्जेल कोही मर्छ भने त्यो केवल सुतिरहेकोमात्र हुन्छ (१ थेस्सोलोनिकी ४:१३-१५, १ कोरन्थी १५:६,१८,२०,२३)।

धेरै धार्मिक आस्थाहरूमा आत्मा अमर छ भनेर मानिसको मृत्युको बारेमा गलत व्याख्या गरेर मृतक आत्मालाई पूजा गर्न उक्साउँछन् (त्यसमा क्याथोलिक चर्चको साथै प्रायजसो धेरै प्रोटेस्टेन्ट सम्प्रदायहरू पनि प्रमुख छन्)। बाइबलको बिपरित ती गलत

शिक्षाहरूमा: चौरासी लाग पुनर्जन्म र साथै अवतार, मरेका सन्तहरू वा महापुरूषहरूको पूजा गर्ने चलन, भुतात्मा वा पिशाच भनेर मरेका मानिसहरूको कथित आत्मालाई पूजा गर्ने परम्परा, अहिले नै नरककुण्ड, न्यु एज वा धेरै पूर्विय धर्म दर्शनहरूमा चलेका मरेका मानिसका आत्माहरूसँग सम्पर्क राख्ने चलन आदि छन्। सैतानले ×तिमीहरू कहिलै पनि मर्दैनौ" भनेर हव्वालाई छकाएको गलत वा झुठो विद्याहरूबाट जोगिन मृत्युको बारेमा सिकाउने केवल बाइबलको सही शिक्षा नै युगको माग हो। यो दुर्भाग्यपूर्ण छ कि बाइबलको त्यस सही शिक्षाको बिरोधमा लाग्न कतिपय इसाई सम्प्रदायहरूले नै अग्रज स्थान ओगटिरहेको पाइन्छ।

**कोही विश्वासी मर्छन् भने मृत्युमा उसले आँखा चिम्लेको हुन्छ। अन्धकार र सुनसानको निमेष पछि उसको आँखा खोलिन्छन् जब येशू दोस्रो पल्ट आउनुहुन्छ। अनन्त जीवनको निम्ति उनी व्युँझिन्छन्। मानिस मरेपछि तत्कालै के हुन्छ र पछि के हुनेछ भन्ने विद्याले हामीलाई परमेश्वरको चरित्रको बारेमा के सिकाउँछ?**

## ५. विश्वासीहरूसँग पारस्परिक सम्बन्ध राखेर मिलेर बस्ने (प्रेरित १५:३८-४१)

पावल अत्यन्त कठोर वा कर्मठ कार्यकर्ता थिए। उनी एउटै उद्देष्यले प्रेरित भएको कडा व्यक्तित्व थिए। त्यस्ता व्यक्तिहरू केवल केही मित्रहरूमात्र भएको एकलो जीवनमा लागेका हुनसक्छन्। तर तिनीहरूलाई मुक्तकंठले प्रशंसा गर्नेहरू धेरै हुन्छन्। तर जब उनी सुसमाचारको कार्यमा यात्रा गर्दथे दुई वा तिन जना सहकर्मीहरू प्रायजसो हुन्थे। तिनीहरूमा कमसेकम आठ जना घनिष्ठ सहकर्मीका नाउँहरू उल्लेख गरेका छन् (प्रेरित १३:२, प्रेरित १५:२२, ३७, प्रेरित १६:१–३, प्रेरित १९:२२, कलस्सी ४:७,१०,११ र फिलोमन २४)। तिनीहरूमा थप २४ जनाका नाउँहरू उल्लेख गर्नु पनि जरुरी छ। घरका परिवारहरूलाई औपचारिक अभिवादन गरेर २४ जनाका नाउँहरू रोमी १६मा नाउँ कितेर नै उनले उल्लेख गरेका छन्।

एकै टिम वा कार्यदल भएर परमेश्वरको काममा लाग्ने नीति पावलको थियो। विशेष गरेर नयाँ ठाउँमा मिलेर काम गर्ने उनको

चाहना थियो। तर येशूको चर्चको सुरुवातदेखि नै टिमका विश्वासीहरूमा कचकच हुने प्रवृत्तिले गर्दा पावललाई पनि आफ्ना सहकर्मीहरूले पिरोलेका थिए।

**येशूका कर्मठ विश्वासीहरू पनि मानिस नै हुन्। तिनीहरूमा मानविय चरित्रले प्राथमिकता पाउनु कुनै नौलो कुरो होइन। प्रभुका महान् कार्यकर्ताहरूमा पनि कस्ता मानविय चरित्र घुसेको थियो भनेर प्रेरित १५:३६–४१ले औंल्याएकोमा हामीलाई के भन्छ? हेर्नुहोस् "36 केही दिनपछि पावलले बारनाबासलाई भने, "आऊ, जुन-जुन सहरमा प्रभुको वचन हामीले प्रचार गरेका थियौं ती सहरहरूमा फर्केर गई भाइहरूलाई भेट गरौं र तिनीहरू के-कस्ता छन् हेरौं।" 37 बारनाबासले मर्कूस भनिने यूहन्नालाई तिनीहरूका साथमा लैजाने इच्छा गरे। 38 तर पावलले मर्कूसलाई साथमा लैजान ठीक ठानेनन्, किनभने तिनी पामफिलियाबाट तिनीहरूसँग छुट्टिएर गएका थिए, र तिनीहरूका साथ काममा गएका थिएनन्। 39 तिनीहरूका बीचमा यति ठूलो मतभेद भयो, कि तिनीहरू एक-अर्काबाट छुट्टिए, र बारनाबास मर्कूसलाई साथमा लिएर साइप्रसतिर गए। 40 तर पावलले सिलासलाई चुने, अनि भाइहरूबाट परमेश्वरको अनुग्रहमा अर्पण भई बिदा भए। 41 मण्डलीहरूलाई बलिया गराउँदै तिनी सिरिया र किलिकियाको भ्रमण गरे।"**

"मर्कूसको चरित्रमा कमजोर भएको यहाँ देखाइएको छ। उनी डर र निराशले गर्दा प्रभुको काम गर्न हिचकिचाएका थिए। केही समयसम्म त परमेश्वरको काममा हृदयदेखि नै आफ्नो जीवन अर्पण गर्ने हो कि होइन भनेर उनी द्विविधामा थिए। कठोर जीवन नबिताएका र खतराको सामना नगरेका मर्कूसले येशूको निम्ति काम गर्नु गाऱ्हो रहेछ भन्ने नैराश्यतमा पर्दा उनलाई दिएको जिम्मा पनि वास्ता नगरि काम छोडेका थिए। मर्कूसले त्यसरी काम छोडेकोले पावललाई मुश्किल परेको थियो र त्यस्तो मानिससँग काम गर्नु हुँदैन भनेर उनीप्रति पावलले कठोर नीति अपनाएका थिए। तर मर्कूस अनुभवी नभएकोले त्यसको कमजोरीलाई माफ दिन बर्णावास तयार थिए। जे भएतापनि मर्कूसले परमेश्वरको काम गर्न छोड्नुहुन्न भन्ने बर्णावासको चाहना थियो। मर्कूस येशूको कामकोनिम्ति अत्यन्त

उपयोगी कार्यकर्ता हुने लक्षण वर्णावासले देखेका थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. १६९,१७०बाट रूपान्तरित।

आफ्ना काममा धैर्यता अपनाउन र खतराहरूको सामना गर्ने पावलले येशूका सुसमाचार प्रचारकहरूबाट अपेक्षा गरेका थिए। सुसमाचार प्रचार गर्ने काममा लागेका मानिसहरू आफै पनि अरूको निम्ति अनुकरणीय उदाहरण बनोस् भनेर पावलको आह्वान थियो। त्यसबेलाका सुसमाचार प्रचारकहरू एकै टिम भएर पारस्परिक मायाप्रेममा लागेर आफ्ना कर्तव्यहरू निर्वाह गरेका थिए। प्रायजसो घरमा नै चर्च हुने त्यसबेलाका चलन अनुसार सुसमाचार प्रचारकहरूको कार्य एकता एक नमुनाको रूपमा प्रस्तुत भएको थियो। कार्यकता एकता वा टिम वर्कले गर्दा नयाँ सुसमाचार प्रचार गर्नेहरूको निम्ति त्यो टिम तालिम केन्द्र बन्न वातावरण बनेको थियो। तर त्यसको अर्थ प्रभुका कर्मठ कार्यकर्ताहरूको बीचमा सधैँ सुमधुर सम्बन्ध थियो भन्ने थिएन।

**तर येशूमा रहेर उहाँको निम्ति काम गर्दा क्षमा दिने प्रवृत्तिले विश्वासीहरूको दिमागमा अड्डा जमाउनुपर्छ र इसाई जीवन प्रगतीशील जीवन हो भनेर २ तिमोथी ४:११ले कसरी स्पष्ट पार्दछ? हेर्नुहोस्: "11 लूका मात्र मसँग छन्। मर्कूसलाई खोजेर तिमी साथै ल्याऊ, किनकि तिनी मेरा सेवा गर्नमा खूबै उपयोगी छन्।"**

**हामी सबै भूल गर्दछौँ। तपाईँलाई चित्त दुखाउनेहरूलाई तपाईँले क्षमा दिन कसरी सिक्ने? फेरि तपाईँले नै चित्त दुखाएकाहरूको बारेमा सोच्नुहोस्। त्यस परिस्थितिमा के तपाईँले बिग्रेको सम्बन्धलाई सुधार्न केही गर्नुभएको छ? यदि छैन भने अहिले नै किन नगर्ने?**

## उपसंहार

**थप जानकारी:** गन्जागोल सिद्धान्तमा पुतलीको असरसँग प्रेरित पावलको क्रियाकलापलाई वर्णन गरिएको छ। त्यसको अर्थ यदि अमेरिकाको एक प्रदेश मानौँ क्यालिफोर्नियमा पुतलीले आफ्नो पखेटा चलायो भने एशियामा असर पर्छ भन्ने हो (अर्थात् नेपाली परिप्रेक्ष्यमा भारतमा पानी पऱ्यो भने नेपालमा पनि छाता ओढ्नुपर्छ भनेको जस्तै हो)। प्रचारक र लेखकको रूप लिएको पावलले रोमी साम्राज्यमा रहेको

सानो तथा नगन्य यहूदि समूदायलाई विश्वको धार्मिक क्षेत्रमा हलचल ल्याएर येशूको निम्ति उज्यालो तथा चर्को बत्ती बालेका थिए। तुलनात्मक रूपमा हेर्ने हो भने ग्रीक भाषामा लेखेका पावलका १३ पत्रहरूले संसारलाई जति प्रभाव पारे अरू कुनै ग्रीक साहित्यले गरेको छैन भने पनि हुन्छ। पौराणिक ग्रीक साहित्यमा धेरै धेरै पुस्तक, लेख तथा दर्शनहरू छन् तर पावलको थोरै लेखले विश्वको चिन्तन मानचित्रमा भारी परिवर्तन ल्याएका थिए।

**चिन्तनमनन**

अ. **सुरू सुरूमा अतिवादी** यहूदिहरूले पावललाई मार्न खोज्दा उनी भागेर एथेन्समा गएका थिए। तत्कालिन एथेन्स ग्रीक र रोमी संसारको बौद्धिक जगतको केन्द्र थियो र साथै ऐतिहासिक रूपमा हेर्ने हो भने पाश्चात्य युरोपको राजधानी थियो (अहिले ग्रीक अर्थात् युनान देशको राजधानी हो)। ग्रीकका शहरहरूमा आफ्ना देशहरूबाट भाग्नेहरूलाई शरण दिइन्थ्यो। धार्मिक अतिवादी यहूदीबा बच्न भागेका इसाईहरूले त्यहाँ पनि शरण पाएका थिए। जब पावल त्यहाँ पुगे, उनले आफ्नो समय खेर फालेका थिएनन्। एथेन्समा विभिन्न देवी तथा देवताहरूका मूर्तिहरू थिए। पावलले त्यहाँका धर्मको अध्ययन गरेपछि यहूदि र सार्वजनिक स्थलहरूमा धर्मको बारेमा बहस गरेका थिए। ती देशका मानिसहरूसँग सुसमाचार फैलाउन कुन् उपाय प्रयोग गरे भन्ने जान्नु जरुरी छ। बहुसांस्कृतिक र बहुधार्मिक समाजमा सुसमाचार कसरी फैलाउने भन्ने पावलको नीतिले सिकाउँदछ। तर फेरि त्यसै वखत मानिसहरूलाई खुशी पार्न आफूसँग रहेको आस्था वा सत्यतालाई सम्झौता गरेको थिएन। बहुधर्मको बीचमा पनि आफ्नो विश्वासलाई पावलले कमजोर बनाएनन्। हामीले पनि सुसमाचार सुनाउने भन्दैमा हामीहरूमा भएका शिक्षादीक्षालाई किन कमजोर बनाउनुहुन्न? हेर्नुहोस्: १७:१६–३४ "16 पावलले

तिनीहरूलाई एथेन्समा पर्खिरहँदा, त्यो सहरलाई मूर्ति नै
मूर्तिले भरिएको देखेर तिनको आत्मा तिनीभित्र व्याकुल
भयो। 17 यसैकारण तिनले यहूदीहरू र ईश्वरभक्त
जनहरूसँग सभाघरमा, र भेटिएका जतिसँग चाहिँ
बजारमा दिनहुँ तर्क गर्थे। 18 इपिक्युरी र स्तोइकी
दार्शनिकहरूमध्ये पनि कतिले तिनीसँग वाद-विवाद गरे।
उनीहरू कतिले भने, “यो बकबके के भन्छ?” अरूहरूले
भने, “अरू कुनै विदेशी देवी-देवताहरूको प्रचार गर्नेजस्तो
देखिन्छ।” किनकि तिनले येशू र मृतकबाट जीवित हुने
कुराको प्रचार गर्थे। 19 तब उनीहरूले तिनलाई
अरियोपागसमा लगे र सोधे, “तपाईंले दिनुभएको यो नयाँ
शिक्षा के हो, के हामी जान्न सक्छौं? 20 किनकि तपाईं
हाम्रो कानमा अनौठा कुराहरू सुनाउँदैहुनुहुन्छ। यसकारण
यी कुराको मतलब के हो सो हामी जान्न चाहन्छौं।” 21
सबै एथेन्सबासीहरू र त्यहाँ बस्ने विदेशीहरू नौलो-नौलो
कुरा भन्न वा सुन्नबाहेक आफ्नो समय अरू कुनै कुरामा
बिताउँदैनथे। 22 पावलले अरियोपागसको बीचमा खड़ा
भएर भने, “एथेन्सका मानिस हो, तपाईंहरूलाई म सब
कुरामा अति धर्मानुरागी देख्तछु, 23 किनकि घुमफिर
गर्दैजाँदा तपाईंहरूले पुज्ने वस्तुहरू मैले देखे। मैले एउटा
यस्तो वेदी पनि भेट्टाएँ जसमा “अज्ञात देवताको निम्ति”
भन्ने खोपिएको रहेछ। यसैले जसलाई तपाईंहरू
नजानिकन पुज्नुहुन्छ उनलाई म तपाईंहरूका माझमा
घोषणा गर्दछु। 24 “परमेश्वर, जसले संसार र त्यसमा
भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका
प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास
गर्नुहुन्न, 25 उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी
मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस्।
किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज
दिनुहुन्छ। 26 उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास
गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका

निवासका अवधि र सीमा पनि तोकिदिनुभयो, 27 तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न।

28 किनभने "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ।" तपाईंहरूका आफ्नै कविहरूले पनि भनेका छन्, 'हामी निश्चय उहाँकै सन्तान हौं।' 29 "तब हामी परमेश्वरका सन्तान भएका हुनाले, परमेश्वर सुन, चाँदी वा पत्थरजस्तै हो भनी हामीले ठान्नुहुँदैन- यिनीहरूचाहिँ मान्छेका कला र कल्पनाका प्रतिरूप मात्र हुन्। 30 यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ। 31 किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ। उनलाई मृतकबाट जीवित पार्नुभएर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ।" 32 जब तिनीहरूले मृतकबाट जीवित हुने विषयमा सुने, तब कसै-कसैले गिल्ला गरे। तर अरूहरूले चाहिँ "हामी फेरि यस विषयमा तिम्रा कुरा सुन्नेछौं" भने। 33 त्यसपछि पावल तिनीहरूका बीचबाट गए। 34 तर कोही मानिसहरू तिनका साथ लागे, अनि विश्वास गरे। तिनीहरूमध्ये अरियोपागसका डियनुसियस, दामारिस नाउँ भएकी एउटी स्त्री, र अरूहरू पनि थिए।"

आ. मानिस मरेपछि के हुन्छ भन्ने जानकारी लिनु किन अत्यावश्यक छ? त्यस सम्बन्धी बाइबलले सिकाएको भन्दा विभिन्न धर्म तथा दर्शनहरूले कसरी फरक गरेर सिकाउँछ र तिनीहरूको गलत शिक्षाबाट हामी कसरी

जोगिने? हामीहरूकै संस्कारमा त्यस बिद्यले कस्तो रूप लिएको छ र त्यससँग हामीले कसरी सामना गर्ने?

इ. हाम्रो जीवनमा हुने आश्चर्य कामले हामीहरूको विश्वासलाई कसरी बलियो बनाइरहेको छ, सोच्नुहोस्। तर आश्चर्य काम नभएतापनि परमेश्वरलाई विश्वास गर्नुपर्ने कामलाई सोच्नुहोस्। हाम्रो जीवनमा हुने आश्चर्य कामले हामीलाई विश्वासमा मात्र ल्याउने होइन त्यसले कसरी बलियो बनाइरहन्छ?

ई. तपाईँको समाजमा धेरै ठूला ठूला समूहहरू छन्। तिनीहरूको पृष्ठभूमि कस्तो छ र तिनीहरूको आस्था कसमाथी छ? तिनीहरूमा भएका विभिन्न आस्थाहरूलाई सोच्दा तिनीहरूमा कुन् शिक्षा छन् जुन् साझा भएको पाइन्छ? तिनीहरूको पृष्ठभूमिलाई थाहा पाएर तिनीहरूकहाँ सुसमाचार कसरी फैलाउने? के यस्ता साझा सन्देशहरू हामीसँग छन् जसलाई बताउँदा तिनीहरू हामीबाट फर्केर जाँदैनन्?